# मलंगवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८) मलंगवा पौष २९,गते २०८१ साल (संख्या :४

## भाग-२

## मलंगवा नगरपालिका

गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्धेश्यले विद्यार्थी तथा अभिभावकको चाहनालाई सहयोग पुऱ्याउनका लागि खोलिएका ट्युसन,कोचिङ्ग, प्राविधिक तालिम तथा विद्यालय बाहिर हुने जस्तै विभिन्न प्रतियोगिताका तयारी कक्षा अध्यापन सेवाको कक्षालाई कानुनी दायरामा ल्याइ व्यवस्थित रुपले ब्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ दफा ११ २ ज (१७) ले दिएको अधिकार प्रयोग गरी मलंगवा नगरपालिकाले यो कार्यविधि बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरेको छ ।

सम्वत २०८१ साल



# ट्युसन, कोचिङ्ग, प्राविधिक तालिम,अध्यापन सेवाको अनुमति तथा नियमन सम्बन्धी कार्यविधी,२०८१

प्रस्तावना : गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्धेश्यले विद्यार्थी तथा अभिभावकको चाहनालाई सहयोग पुऱ्याउनका लागि खोलिएका ट्युसन,कोचिङ्ग, प्राविधिक तालिम तथा विद्यालय बाहिर हुने जस्तै विभिन्न प्रतियोगिताका तयारी कक्षा अध्यापन सेवाको कक्षालाई कानुनी दायरामा ल्याइ व्यवस्थित रुपले ब्यवस्थापन र सञ्चालन गर्न आवश्यक भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ दफा ११ २ ज (१७) ले दिएको अधिकार प्रयोग गरी मलंगवा नगरपालिकाले यो कार्यविधि बनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरेको छ ।

## परिच्छेद १

### प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ :(१) यो निर्देशिकाको नामः “ट्युसन कोचिङ्ग, प्राविधिक तालिम केन्द्र, अध्यापन सेवाको अनुमति तथा नियमन सम्बन्धी कार्यविधी २०८१”रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१)“नगरपालिका” भन्नाले मलंगवा नगरपालिका सम्भन्नु पर्दछ ।

(२)“ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्भन्नु पर्छ ।

(३)“प्रमुख प्रशासकिय अधिकृत”भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भन्नु पर्छ ।

(४)“ट्युसन सेन्टर (शिक्षण सहयोग केन्द्र)” भन्नाले कुनै पनि व्यक्ति वा संस्थाले विद्यार्थीको पठनपाठनमा सहयोग पुऱ्याउने उद्धेश्यले खोलिएको शिक्षण गर्ने संस्थालाइ सम्भन्नु पर्दछ ।

(५)“कोचिंग” कक्षा भन्नाले विद्यालयमा अध्ययन नगरेका वा बिचैमा अध्ययन छाडेका र पुनःअध्ययन गर्न चाहने बालबालिकाहरुका लागि विद्यमान पाठ्यक्रमलाइ आधार मानि शैक्षिक कार्यक्रम सञ्चालनार्थ कुनै पनि व्यक्ति वा संस्थाले खोलिएको शिक्षण गर्ने संस्थालाइ सम्भन्नु पर्दछ ।

(६)“विद्यालय बाहिर हुने अध्यापन सेवा”भन्नाले विभिन्न प्रतियोगितात्मक (छनौट) परीक्षाका लागि तयारी गराउन शिक्षण गर्ने कार्यक्रमलाई सम्भन्नु पर्दछ ।

(७)“सञ्चालक” भन्नाले ट्युसन तथा कोचिङ्ग कक्षा र विद्यालय बाहिर हुने अध्यापन सेवाको सञ्चालन गर्ने व्यक्ति वा संस्थालाइ जनाउँछ ।

(८)“निरीक्षक” भन्नाले नगरपालिकाको अधिकृतस्तरको कर्मचारी वा खटाईएको व्यक्तिलाई सम्भन्नु पर्दछ ।

(९)“केन्द्र” भन्नाले ट्युसन,कोचिङ्ग तथा विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन गर्ने संस्थालाई सम्भन्नु पर्दछ । (विद्यालय समय भन्दा फरक समयमा संचालन गर्नुपर्ने ।)

१०) “प्राविधिक तालिम” भन्नाले व्यवसायिक रुपमा प्रशिक्षण तथा सीप सिकाउने तालिम सम्भन्नु पर्दछ ।

परिच्छेद-२

ट्युसन,कोचिङ्ग, प्राविधिक तालिमजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति सम्बन्धी व्यवस्था : (१) कुनै व्यक्ति वा संस्थाले ट्युसन केन्द्र,कोचिङ्ग कक्षा, प्राविधिक तालिम तथा विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन गर्न चाहेमा शैक्षिक सत्र समाप्त हुनु भन्दा कम्तिमा २ महिना अगाडी कक्षा सञ्चालन सम्बन्धी विद्यान(प्रस्तावना,सञ्चालनको उद्धेश्य, भौतिक पूर्वाधार, भवन, कक्षाकोठाको उपयुक्तता,शैक्षिक सामग्री, फर्निचर, खानेपानी, शौचालयको व्यवस्था, शिक्षण सञ्चालन गर्ने स्थान आदि) उल्लेख गरी तोकिएको ढाचामा अनुसूची १ बमोजिमनगरपालिका समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) नगरपालिकाले प्राप्त निवेदनका सम्बन्धमा निरीक्षकबाट स्थलगत जाचबुझ गरी तोकिएको पूर्वाधार पुरा भएको अवस्थामा वडा कार्यालयको सिफारिस बमोजिम अनुसूची २ बमोजिम अनुमति प्रदान गर्नुपर्ने छ ।

(३) अनुमति माग गरेका ट्युसन केन्द्र,कोचिङ्ग कक्षा तथा विद्यालय बाहिर हुने अध्यापन सेवा कक्षा सञ्चालनको लागि स्थलगत निरीक्षणबाट तोकिएको पूर्वाधार पुरा भएको देखिएमा अनुमति प्रदान गर्दा ट्युसन केन्द्रका लागि रु.२५०००।-(अक्षरेपी पच्चीस हजार), कोचिङ्ग कक्षा सञ्चालनका लागि रु.५०,०००।-(अक्षेरुपि पचास हजार) र विद्यालय बाहिर हुने अध्यापन सेवा कक्षा सञ्चालन गर्न रु.५००००।-(अक्षेरुपि पचास हजार), प्राविधिक तालिम केन्द्र सञ्चालनका लागि रु.७५,०००।- अक्षेरेपी पचहत्तर हजार) रकम सुरक्षण वापत धरौटी स्वरुपराख्नु पर्नेछ । यसरी राखेको धरौटी रकम मुद्धती खातामा राख्नु पर्नेछ । सो खाताको सञ्चालन प्रमुख प्रशासकिय अधिकृतले तोकेको नगरपालिकाको कर्मचारी र सञ्चालकको सयुक्त दस्तखतबाट हुनेछ । यसरी धरौटी राखिएको रकम सञ्चालित संस्था बन्द गर्नुपर्ने भएमा सञ्चालकको निवेदन प्राप्त भएमा नियमानुसार सम्बन्धित सञ्चालकलाइ फिर्ता गरिनेछ ।

(४) सञ्चालनमा रहेको केन्द्रले प्रत्येक आर्थिक वर्षको आय व्ययको लेखापरीक्षण नगरपालिकाबाट तोकिएको रजिष्टर्ड लेखा परीक्षकबाट गराई प्रत्येक वर्षको भाद्र मसान्त सम्म नगरपालिकाले तोके बमोजिमको शुल्क तिरी अनुमति नवीकरण गर्नुपर्नेछ । पहिलो पटक अनुमति प्राप्त गर्दा दर्ता शुल्क वापत एक पटकको लागि मात्र रु.१०,०००/-(दश हजार मात्र) नगरपालिकाको राजश्वमा दाखिला गर्नुपर्ने हुन्छ ।

(५) कुनै अनुमति प्राप्त केन्द्रको नाम सँग मिल्ने गरी पुन: अर्को संस्था दर्ता गर्न नगरपालिकाबाट अनुमति प्रदान गरिने छैन । जुन स्थानको लागि अनुमति दिइएको हो सोही स्थानमा मात्र केन्द्र सञ्चालन गर्नु पर्नेछ ।

(६) नगरपालिकाबाट नियमानुसार अनुमति लिइ सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढी केन्द्रहरुले संस्था गाभी एउटै कायम गर्न चाहेमा वा साविकको नाम परिवर्तन गर्न चाहेमा वा विशेष परिस्थिति उत्पन्न भइ साविकको स्थानबाट अन्यत्र सार्नु पर्ने भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिकाबाट अनुमति लिइ गर्न सकिने छ ।

(५) अनुमति लिइ सञ्चालनमा रहेका केन्द्रहरुको विवरण नगरपालिकाले अद्यावधिक गराई राख्नु पर्नेछ ।





परिच्छेद-३

विद्यार्थीको नाम दर्ता, परीक्षा र अभिलेख सम्बन्धी व्यवस्था :-

(१) केन्द्रमा अध्ययन गर्न आउने विद्यार्थीहरुले अनिवार्य रुपमा भर्ना फारामरुआवेदन फाराम भरी नियमानुसार भर्ना हुनु पर्ने ।

(२) भर्ना हुन आउने विद्यार्थीले कम्तिमा पनि आफु जुन तहको परीक्षाको लागि अध्ययन गर्न चाहेको हो त्यस भन्दा २ कक्षा तलको कक्षा उत्तिर्ण गरेको प्रमाणपत्र भर्ना फराम सँगै पेश गर्नु पर्नेछ ।

(३) माध्यमिक शिक्षा परीक्षा तथा अन्य प्रतियोगितात्मक परीक्षामा सहभागि हुने विद्यार्थीहरुको हकमासम्बन्धित परीक्षा लिने संस्थाले भराउने रजिष्ट्रेशन र आवेदन फाराम ति परीक्षा सञ्चालन गर्ने निकायले तोके अनुसार नै हुनेछ ।

(४) केन्द्रमा अध्ययन गर्न आउने विद्यार्थीहरुको व्यक्तिगत विवरण सम्बन्धित केन्द्रले नै विद्यार्थीहरुबाट भर्ना फारामा प्रविष्टी गर्न लगाइ समष्टीगत रुपमा विवरण तयार गरी अनिवार्य रुपमा अभिलेख राख्नु पर्नेछ ।

परिच्छेद -४

शुल्क सम्बन्धी व्यवस्था

५.शुल्क सम्बन्धी व्यवस्थाः सम्बन्धित संस्थाले विद्यार्थीहरुसंग लिने शुल्कको प्रस्ताव मलंगवा नगरपालिकामा पेश गरी नगरपालिकाबाट स्वीकृत गरे बमोजिमको शुल्क मात्र लिनु पर्ने छ र अन्य व्यवस्थापनका लागि लाग्ने खर्च नगर शिक्षा समितिबाट तोकिएबमोजिम हुनेछ।

६.निशुल्क शिक्षण सम्बन्धी व्यवस्थाः नगरपालिकाले सिफारिस गरेका अपांग महिला दलित, विपन्न तथा गरिबीको रेखामुनी रहेका व्यक्तिलाइ कूल विद्यार्थी संख्याको १०प्रतिशत विद्यार्थीलाइ सम्बन्धित संस्थाले निशुल्क पढाउनुपर्नेछ ।

परिच्छेद- ६

दण्ड सजाय सम्बन्धी व्यवस्था

८. दण्ड सजाय

(१) यस कार्यविधिमा उल्लेखित शर्तहरु पालना नगरेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

(२) कुनै सञ्चालकले केन्द्र सञ्चालन गर्दा नियमानुसार कक्षा सञ्चालन नगरी विद्यार्थीहरुलाई ठगी गरी बेपत्ता भएमा प्रचलित कानुन बमोजिम कारबाहीका लागि नगरपालिकाले जिल्ला प्रशासन कार्यालयलाइ लेखि पठाउनु पर्नेछ ।

परिच्छेद -७

विविध

(१) कुनै पनि ट्युसन केन्द्र, कोचिङ्ग कक्षा, प्राविधिक तालिम केन्द्र तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्रले सामुदायिक विद्यालयको भवन प्रयोग गर्न पाइने छैन ।

(२) कक्षा सञ्चालन अनुगमन निरीक्षण नगरपालिका ,नगर शिक्षा समितिबाट समय समयमा गरिनेछ ।

अनुसूची १
(दफा ३ को उपदफा १संग सम्बन्धित)

ट्युसन केन्द्र,कोचिङ्ग कक्षा, प्राविधिक तालिम केन्द्र तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र खोल्नका लागि दिइने निवेदन मिति..................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू ।
मलंगवा नगरपालिका ................................ ।
विषयः ट्युसन केन्द्र/कोचिङ्ग कक्षा /प्राविधिक तालिम केन्द्र, विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्रसञ्चालनअनुमति पाउ ।

महोदय,
शैक्षिक सत्र............ देखि देहाय बमोजिमको ट्युसन केन्द्र/कोचिङ्ग कक्षा /प्राविधिक तालिम केन्द्र/विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र सञ्चालन गर्न चाहेकाले अनुमतिका लागि देहाय बमोजिमका विवरणहरु खुलाई यो निवेदन श्रीमान समक्ष पेश गर्दछु । .
नामः.......................................................................................................
ठेगानाः......................जिल्लाः .................मलंगवा नगरपालिका वडा नं.....................
१ कक्षा सञ्चालन हुने तह र विषय :

| तह | कक्षा | कार्यक्रम | विषयहरु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

२ कक्षा सञ्चालन हुने समय :
३ कक्षा सञ्चालन हुने स्थान :
४.भौतिक पूर्वाधारः
क) भवन तथा कक्षाकोठा संख्याः ................ख) तालिम कक्ष ..............................
..............................५.फर्निचरको विवरण
१.डेस्क...... २.बेन्च......... ३. टेबल..... ४.दराज.............
५.अन्य............ शौचालयको व्यवस्था : छ भने संख्या.................. छैन
खानेपानीको व्यवस्था भए नभएकोः......................................................................... पुस्तकालयको व्यवस्थाः छ .... .पुस्तक संख्या............................................छैन...........



खण्ड ८) संख्या ४ स्थानिय राजपत्र भाग २ मिति २०८१/०९/२९

५.शैक्षिक सामग्री/ प्रशिक्षण सामाग्रीहरुको विवरणः

| क.स. | विवरण | संख्या | क.स. | विवरण | संख्या |
|---|---|---|---|---|---|
| १ | | | ७ | | |
| २ | | | ८ | | |
| ३ | | | ९ | | |
| ४ | | | १० | | |
| ५ | | | ११ | | |
| ६ | | | १२ | | |

५.शुल्क सम्बन्धी विवरणः

| क्रस | तह/कक्षा | मासिक शुल्क | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

७.शिक्षकहरुको विवरणः

| क्र.स | नाम | योग्यता | तालिम | अध्यापन गर्ने तह /कक्षा | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

८.सञ्चालकहरुको विवरण:

| क्र.स | नाम | ठेगाना | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

९) कम्पनीदर्ता सम्बन्धि विवरण

संस्थाको अधिकृत पुँजी: रु...................................................

निवेदकको नाम:

हस्ताक्षर

संस्थाको छाप

संलग्न गर्नु पर्ने कागजात



खण्ड ८) संख्या ४ स्थानिय राजपत्र भाग २ मिति २०८१/०९/२९

अनुसूची २

(दफा ३ को उपदफा २ संग सम्बन्धित)

ट्युसन केन्द्र,कोचिङ्ग कक्षा, प्राविधिक तालिम केन्द्र तथा विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र सञ्चालनका लागि दिइने अनुमति मिति : .........................

विषयः ट्युसन केन्द्र/कोचिङ्ग कक्षा/प्राविधिक तालिम/विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र सञ्चालन अनुमति सम्बन्धमा ।

श्री ............................

.......................................

तपाइले र त्यस संस्थाले मिति ....................मा ट्युसन केन्द्र/कोचिङ्ग कक्षा/प्राविधिक तालिम केन्द्र/विद्यालय बाहिर हुने अध्यापन सेवा केन्द्र खोल्न अनुमति पाउ भन्ने सम्बन्धमा दिइएको निवेदन उपर कारबाही हुदा यस कार्यालयको मिति.....................को निर्णय बमोजिम मलंगवा नगरपालिका वडा नं....... मा श्री .................................... केन्द्र /कोचिङ्ग कक्षा/प्राविधिक सञ्चालन गर्न यो अनुमति प्रदान गरिएको छ ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीको

दस्तखत:

नाम:

पद:

कार्यालयको नाम:

मिति:

प्रमाणिकरण मिति :-२०८१/१०/३

आज्ञाले

होमनाथ सुवेदी

प्रमुख प्रशासकिय अधिकृत

मलंगवा नगरपालिका